# ताँजाकोट गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

चाखुरे, हुम्ला
कर्णाली प्रदेश, नेपाल

पत्र संख्या : ०८१/०८२
चलानी नम्बर :

मितिः २०८१/०९/२४

घाइते अपाङ्गता तथा सहिद वा बेपत्ता भएका व्यक्तिहरुलाई जीवन निर्वाह भत्ता वितरण निवेदन मागको सुचना ।

प्रस्तुत विषयमा जनयुद्ध , जनआन्दोलन र प्रदेश स्थापनाका लागि भएको आन्दोलनका क्रममा घाइते अपाङ्गता तथा सहिद वा बेपत्ता भएका व्यक्तिलाई जिवन निर्वाह भत्ता प्रदान गर्न घाइते अपाङ्गता भएका व्यक्तिलाई जीवन निर्वाह भत्ता वितरण कार्यविधि २०८१ तथा सहिद स्मृति भत्ता वितरण कार्यविधि २०८१ मा भएको व्यवस्था बमोजिम कर्णाली प्रदेश सरकार आन्तरिक मामिला तथा कानुन मन्त्रालय वीरेन्द्रनगर , सुर्खेत को पत्र सं.८१/८२ च.नं.४४८ र मिति-२०८१/०९/१९ गतेको प्राप्त पत्राअनुसार विवरण तयार पारी प्रदेश सरकार आन्तिरक मामिला तथा कानुन मन्त्रालयमा विवरण पठाउनु पर्ने हुदा घाइते अपाङ्गता तथा सहिद वा वेपत्तामा नाम समावेश भएका क्रमश- व्यक्ति र हकवालाले मिति-२०८१ माघ १५ गते भित्र निम्न बमोजिमका कागजात सहित यस ताँजाकोट गाउँपालिकामा सम्पर्क गर्नहुन सम्बन्धित सबैमा जानकारीका लागि यो सुचना प्रकाशित गरिन्छ ।

१-घाइते अपाङ्गता व्यक्तिका लागि

क) नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि

ख) अपाङ्गता परिचय पत्रको श्रेणि खुल्ने परिचय पत्रको प्रतिलिपि

ग) बैंक खाता नम्वर खुल्ने कागजात

घ) प्रदेश स्थापनाका लागि भएको आन्दोलनको क्रममा घाइते वा अपाङ्ग भएको व्यक्तिको हकमा सम्बन्धित जिल्ला प्रशासन कार्यालयको विवरण खुल्ने प्रमाणित कागजात वा सिफारिस

ङ) कार्यविधिको अनुसुची-१ बमोजिमको निवेदन

२-सहिद वा बेपत्ता परिवारका लागि

क) हकवालाको नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि

ख) हकवाला खुल्ने प्रमाणित कागजात

ग) बैंक खाता नम्वर खुल्ने कागजात

घ) कार्यविधिको अनुसुची-१ बमोजिमको निवेदन

विष्णुलाल सार्की
नि.प्रमुख प्रशासकीय अधिकृत